आज मिति २०८२/०१/१० गतेका दिन लेकबेंसी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ५१

बैठक प्रारम्भ: दिनको ४:०० बजे समापन: दिनको ५: ३० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्लुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पहलमान अधिकारी | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर बुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | वडा अध्यक्ष | श्री रुद्र बहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी कराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह कनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति बि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर बमाई | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी | |
| २३ | कृषि/विशा. अधिकृत | श्री जीवन उप्रेती | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्ताव प्रमाणित
२०८२/०१/१०

लेकवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२/०१/१० गतेको ५१औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरूः

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | स्वास्थ्य तर्फ रिक्त पदमा पदपूर्ति सम्बन्धमा । | स्वास्थ्य तर्फ रिक्त रहेको विभिन्न पदहरूमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने । | स्वास्थ्य शाखा | |
| ३. | सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा । | सूचना प्रविधि अधिकृतलाई सातौं कायम गरी सोही तह सरहको सेवा सुविधा उपलब्ध गराउने । | सूचना प्रविधि तथा अभिलेख उपशाखा | |
| ४. | निर्णय कार्यान्वयन सम्बन्धमा । | जिल्ला अनुगमन समिति, सुर्खेतको मिति २०८१/१२/३० गते बसेको बैठकको निर्णय र सोसँग संलग्न प्रतिवेदन कार्यान्वयन गर्ने । | प्र.प्र.अ. | |
| ५. | स्वास्थ्य तर्फका कर्मचारी कामकाज खटाउने सम्बन्धमा । | लेकवेशी नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई आवश्यकता अनुसार कामकाज खटाउने । | स्वास्थ्य शाखा | |
| ६. | समिति गठन सम्बन्धमा। | नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी व्यवस्थापनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८१ बमोजिम पालिका स्तरीय सहजीकरण समिति, वडा स्तरीय सहजीकरण समिति र सेवा केन्द्रको व्यवस्थापन गठन गर्ने । | भूमि शाखा | |
| ७ | विशेषज्ञ समूह गठन गर्ने सम्बन्धमा । | यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रमबाट थप ३० थान मिनिटिलर आपूर्ति गर्न भेरिएसन गर्ने प्रक्रिया अगाडी बढाउन ३ सदस्यीय विशेषज्ञ समूह गठन गर्ने । | कृषि विकास शाखा | |

१।१०

मिति २०८२/०१/१० गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरु माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

लेकवेशी नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था तर्फ रिक्त रहेको अ.न.मी. पदहरूमा सेवा करारमा पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लेकवेशी नगरपालिका सेवा करारको सूचना तथा प्रविधि उपशाखामा कार्यरत सूचना प्रविधि अधिकृत श्री भरतराज ढकाललाई सातौं तह कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जिल्ला अनुगमन समिति, सुर्खेतको मिति २०८१/१२/३० गते बसेको बैठकको निर्णय र सो सँग संलग्न प्रतिवेदन आजको बैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत भई छलफल गरियो । साथै प्रतिवेदन मार्फत यस कार्यालयमा कार्यान्वयन गर्नुपर्ने निर्णय कार्यान्वयन समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस लेकवेशी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा कार्यरत तपसिलका कर्मचारीलाई तपसिलका स्वास्थ्य संस्थाहरूमा खटाउने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | कर्मचारीको नामथर | कर्मचारी संकेत नं. | पद/तह | हाल कार्यरत कार्यालय | कामकाजमा खटाइएको कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १. | यमुना कुमारी शाही | २०८५९३ | सि.अ.न.मी/सहायकस्तर पाँचौं | लेकवेशी नगर अस्पताल, दशरथपुर, सुर्खेत | स्वास्थ्य चौकी सौंटाखानी | |

**निर्णय नं. ६**

राष्ट्रिय भूमि आयोग ताहचाल काठमाण्डौं र लेकवेशी नगरपालिका बीच भएको समझदारी पत्रानुसार लेकवेशी नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी व्यवस्थापनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८१ बमोजिम देहाय अनुसार

स्थानीय तह स्तरीय सहजीकरण समिति, वडा स्तरीय सहजीकरण समिति र सेवा केन्द्रको व्यवस्थापन गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) सहजीकरण समिति:-

- नगर प्रमुख श्री उमेशकुमार पौडेल - संयोजक
- नगर उप-प्रमुख श्री बिमला खड्लुक - उप-संयोजक
- लेकवेशी नगरपालिका स्थित क्रियाशील राजनैतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य
- कार्यपालिका सदस्य श्री खम बहादुर दमाई - सदस्य
- कार्यपालिका सदस्य श्री लीलमती वि.क. - सदस्य
- श्री टेक बहादुर गुरुङ - सदस्य
- श्री शान्ति कुमारी कुन्वेल - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री पहलमान अधिकारी - सदस्य सचिव

ख) स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नापनक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन कार्यविधि बमोजिम देहाय बमोजिमको वडा सहजीकरण समिति गठनका लागि पत्राचार गर्ने ।

- वडा अध्यक्ष - अध्यक्ष
- वडा सदस्यहरु - सदस्य
- वडामा क्रियाशील राजनैतिक दलका प्रमुख वा निजले तोकेका प्रतिनिधि - सदस्य
- सम्बन्धित वडामा क्रियाशील रहेका किसान, सुकुम्बासी, भूमि, बसोबास क्षेत्रमा काम गरिरहेका संघ/संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडा स्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तिमा एक महिला र एक दलित/अल्पसंख्यक सहित ३ जना) - सदस्य
- वडा सचिव - सदस्य सचिव

ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण, तथ्याङ्क संकलन एवं व्यवस्थापन गर्नका लागि कार्यविधि अनुसार भूमि शाखा स्थापना गरी भूमि सम्बन्धी कार्य गर्नुपर्ने भएकोले शाखा प्रमुखको रुपमा लेकवेशी नगरपालिकामा कार्यरत शाखा अधिकृत श्री नारायणदत्त तिवारीलाई शाखा प्रमुखको जिम्मेवारी दिने ।

निर्णय नं. ७

यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रमबाट थप ३० थान मिनिटिलर आपूर्ति गर्न स्पेसिफिकेसन गर्ने प्रक्रिया अगाडी बढाउन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा (१)(ङ) र सोही दफाको उपदफा (२) बमोजिम तपसिलका सदस्यहरु रहनेगरी ४ (चार) सदस्यीय विशेषज्ञ समूह गठन गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री पहलमान अधिकारी - प्रमुख प्रशासकीय अधिकृत (संयोजक)
२. श्री महेश कापले - ईन्जिनियर सातौं (सदस्य)
३. श्री जीवन उप्रेती - कृषि विकास अधिकृत (सदस्य)
४. श्री हरिलाल न्यौपाने - लेखापाल (सदस्य)

१।१०